# ‘नेपालका देवी देवताहरु’ विषयक कला प्रदर्शनी

भारतीय राजदूत श्री नवीन कुमार श्रीवास्तवले नेपाल हस्तकला महासंघका अध्यक्ष प्रचण्ड शाक्य, नेपाल कला परिषद्का अध्यक्ष सागर शमशेर जबरा, ललितपुर एवम् काठमाडौं महानगरपालिकाका उप-प्रमुखद्वय मञ्जली शाक्य तथा सुनीता डङ्गोलको उपस्थितिमा २०७९ मंसीर ११ गते ‘नेपालका देवी देवताहरु’ विषयक कला प्रदर्शनीको उद्घाटन गर्नुभयो । नेपाल कला परिषद्को ६०औँ वार्षिकोत्सव र नेपाल हस्तकला महासंघको ५०औँ वार्षिकोत्सवको अवसरमा यो कार्यक्रमको आयोजना गरिएको हो । मंसीर ११ गतेदेखि सुरु भएको यो कला प्रदर्शनी मंसीर २४ गतेसम्म नेपाल कला परिषद्मा चल्नेछ ।

भारतीय राजदूतावासको स्वामी विवेकानन्द साँस्कृतिक केन्द्रले पनि यही मंसीर १२-१३ गतेसम्म “भारत र नेपालका देवी देवताहरुको प्रतिमाको अभिव्यक्ति” नामक दुई दिने ‘लेक्चर सिरिज’को आयोजना गर्दैछ ।